# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

कुञ्जीप्वाकल माध्यमिक बिद्यालय,काठमाडौंका शिक्षक लक्षमण सापकोटाको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त गरेको मध्यमा तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा प्रवेश गरी अस्थायी प्राथमिक शिक्षक पदमा नियुक्ति भै लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता